नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

१. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७-०३-२३ को निर्णयबाट देहाय अनुसारका सार्वजनिक सवारी साधनहरूलाई देहाय बमोजिम सञ्चालन गर्ने गरी निर्णय भएको हुँदा सो अनुसार निर्णय कार्यान्वयनका लागि श्री गृह मन्त्रालयबाट लेखी आएको सन्दर्भमा यस मकवानपुर जिल्लामा पनि सोही अनुसार सार्वजनिक सवारी साधन सञ्चालन हुने हुँदा सम्बन्धित सबैमा जानकारी गराउने ।

निम्न :-

क. काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र सञ्चालन हुने ट्याक्सी (चालकबाहेक बढीमा २ जनासम्म र परिवारभित्रका ५ वर्षसम्मका बालबालिका मात्र सवार हुने),

ख. काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र सञ्चालन हुने यात्रुबाहक सार्वजनिक यातायात (चालकसहित सिट क्षमताको बढीमा ५० प्रतिशत यात्रु रहने, एक पङ्क्तिको सिटमा सामाजिक दूरी कायम हुने गरी १ जना मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, सवारी साधनमा यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र स्यानिटाइजरको व्यवस्था गर्ने, चालक तथा सहचालकले समेत अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने र सवारी साधनलाई दैनिक निसङ्क्रमित गर्ने),

**स्पष्टीकरण:** यो व्यवस्था लागू रहँदासम्मका लागि मात्र यस उपखण्डको प्रयोजनको लागि ट्याक्सीबाहेकका अन्य सवारी साधनका हकमा तोकिएको भाडा दरको पचास प्रतिशतसम्म थप भाडा लिन पाउनेछ ।

ग. उद्योग, प्रतिष्ठान र निजी सेवाप्रदायक कार्यलयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सिटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसङ्क्रमित गर्ने) ।

२. श्री गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाकोच.नं. ४४३, मिति २०७७/०३/२३ को उच्च सतर्कता अपनाउने सम्बन्धी पत्रको व्यहोरा बैठकमा जानकारी भयो । सो सम्बन्धमा यस जिल्लाको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ बमोजिम सबै सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरी विपद् जोखिम न्यूनीकरण कार्यमा उच्च सतर्कता अपनाउने ।

२०७७।३।२८

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी